नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : २०७७।७८
चलानी नं: २५

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

मितिः २०७७।०४।२६

विषयः पदाधिकार सार्ने सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/केन्द्र/कार्यालय सवै ।

प्रस्तुत विषयमा विभिन्न निकायहरुमा कार्यरत रही लामो अवधिको विदामा रहेका, निलम्वनमा रहेका लगायतका अवस्थाका कर्मचारीहरुको पदाधिकार यस मन्त्रालयको अतिरिक्त समूहमा सारिदिन अनुरोध गरी पत्राचार हुने गरेको देखिएको छ। निजामती सेवा ऐन २०४९ को दफा १८ को उपदफा ९ अनुसार "अध्ययन विदामा रहेको वा स्वतः निलम्वनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै बिदामा रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काज खटिएको वा कुनै खास कामका लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नको लागि खटाईने कर्मचारीको पदाधिकार जिल्लास्तरको कार्यालयमा वा कार्यालय प्रमुख वा विभागीय प्रमुखको पदमा रहेको भए सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सो अवधिभरको लागि विशेष पद सृजना गरी त्यस्तो कर्मचारीको पदाधिकार केन्द्रीयस्तरको निकायमा सार्न सकिनेछ" भन्ने व्यवस्था रहेकोले माथि उल्लेखित अवस्थाका कर्मचारीहरुको पदाधिकार सो अवधिभरको लागि विशेष पद सृजना गरी यस मन्त्रालयको सहमति लिई केन्द्रीयस्तरका निकायमा सार्ने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

खगेन्द्र पौडेल
शाखा अधिकृत